नेपाल कानून आयोगको मसौदा

# धरौट, जमानत तथा हिरासत सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : धरौट, जमानत तथा हिरासत सम्बन्धी प्रचलित कानूनमा संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८१ को उपधारा (१) बमोजिम संविधानसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "धरौट, जमानत तथा हिरासत सम्बन्धी ऐन, २०६६" रहेकोछ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अदालत" भन्नाले प्रचलित कानुन बमोजिम स्थापित अदालत सम्झनु पर्छ र सो शब्दले मुद्दाको कारवाही र किनारा गर्न अधिकार प्राप्त अन्य निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले नेपाल सरकारवादी हुने कसूरसँग सम्बन्धित फौज्दारी मुद्दाको अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी सम्झनु पर्छ ।

(ग) "अभियुक्त" भन्नाले कुनै कसूर गरेको भन्ने अभियोग लगाई अदालतमा मुद्दा दायर गरिएको व्यक्ति सम्झनुपर्छ ।

(घ) "आरोपित व्यक्ति" भन्नाले कुनै कसूरमा संलग्न भएको भनी आरोप लागेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "कसूर" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकारवादी हुने फौज्दारी मुद्दासँग सम्बन्धित अपराध मानिने कार्य सम्झनु पर्छ ।

(च) "जमानत" भन्नाले कुनै कसूरको आरोप वा अभियोग लागेको व्यक्तिसँग जमानी वापत अनुसन्धान अधिकारी वा अदालतबाट माग भएको चल वा अचल सम्पति सम्झनु पर्दछ र सो शब्दले कुनै कसूरको सम्बन्धमा आरोप वा अभियोग लागेका व्यक्तिलाई अनुसन्धान अधिकारी वा अदालतले खोजेको वखत उपस्थित गराउने गरी कुनै व्यक्ति वा निकायको जिम्मामा सुम्पने कार्य समेतलाई जनाउँछ ।

नेपाल कानून आयोग

(छ) "तत्काल प्राप्त प्रमाण" भन्नाले अभियोग पत्रसाथ प्रस्तुत गरेको प्रमाण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रमाण सम्झनु पर्छ ।

(ज) "न्यायिक हिरासत" भन्नाले कुनै अभियुक्तलाई मुद्दाको पुर्पक्षको क्रममा अदालतको आदेशले थुनामा राख्ने कार्य सम्झनु पर्छ ।

(झ) "धरौट" भन्नाले कुनै मुद्दाको पुर्पक्षको सिलसिलामा अदालतले माग गरेको नगद धरौट वा बैंक ग्यारेन्टी सम्झनु पर्छ र सो शब्दले अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकातको सिलसिलामा माग गरेको नगद धरौट वा बैंक ग्यारेन्टी समेतलाई जनाउँछ ।

(ञ) "पुर्पक्ष" भन्नाले कुनै अदालतमा दायर भएको मुद्दाको कारवाहीका सिलसिलामा अपनाइने प्रक्रिया सम्झनु पर्छ ।

(ट) "मुद्दा" भन्नाले नेपाल सरकारवादी भई अदालतमा दायर भएको वा हुने फौज्दारी मुद्दा सम्झनु पर्छ ।

(ठ) "मुद्दा हेर्ने अधिकारी" भन्नाले अदालतको न्यायाधीश सम्झनुपर्छ र सो शब्दले मुद्दामा निर्णय गर्ने कानून बमोजिम अख्तियारी पाएको अन्य अधिकारी समेतलाई जनाउँछ ।

(ड) "हिरासत" भन्नाले कुनै कसूरको अनुसन्धान तहकिकात गर्ने क्रममा अदालतबाट अनुमति लिई वा लिनु पूर्व अरोपित व्यक्तिलाई थुनामा राख्ने कार्य सम्झनु पर्छ ।

## परिच्छेद - २

## पक्राउ र पक्राउ पछिको कार्यविधि

३. **पक्राउ गर्ने :** (१) आरोपित व्यक्तिलाई पक्राउ गर्दा अनुसन्धान अधिकारीको आदेशले मात्र पक्राउ गर्नु पर्छ ।

तर प्रचलित कानुन बमोजिम अन्य कुनै व्यक्तिले पक्राउ गरी अनुसन्धान अधिकारी समक्ष पेश गर्ने व्यवस्था भएकोमा सो बमोजिम पक्राउ गर्न वाधा पुगेको मानिने छैन ।

(२) आरोपित व्यक्तिलाई पक्राउ गर्नु पूर्व निजले कसूर गरेको भनी विश्वास गर्न सकिने सूचना, मनासिव आधार वा प्रमाण प्राप्त भएको हुनु पर्छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए पनि कसूर गर्ने योजना बनाइ रहेको, षड्यन्त्र गर्दै रहेको, कसूरको दुरुत्साहन गर्दै गरेको वा कसूर गर्ने प्रयत्न गर्दा कै अवस्थामा पक्राउ गर्नु हुन्छ र त्यसरी पक्राउ गरेपछि सोही व्यहोराको प्रतिवेदन मिसिल साथ राख्नु पर्नेछ ।

(४) पक्राउ भएको व्यक्तिलाई पक्राउ गर्नु परेको कारण सहितको सूचना नदिई हिरासतमा राख्न हुँदैन ।

तर अनुसन्धान गर्दै जाँदा आरोपित व्यक्तिले अरु भिन्नै प्रकृतिको कसूर गरेको वा सोही कसूरको अन्य स्वरुपको कसूर गरेको कारणले मात्र अनुसन्धान तहकिकात तथा मुद्दाको कारवाही वा हिरासतमा राख्नमा कुनै असर पर्ने छैन ।

**स्पष्टीकरण:** यस प्रतिबन्धात्मक वाक्यको प्रयोजनाको लागि "अन्य स्वरुपको कसूर" भन्नाले मुख्य कसूरको आरोप लागेको व्यक्तिलाई सोको उद्योग वा षड्यन्त्र  र उद्योग वा षड्यन्त्र गर्ने कसूरको आरोप लागेको व्यक्तिलाई मूल कसूरमा वा मनशायपूर्वक कसूर गरेको भन्ने आरोप लागेकोमा लपारवाही वा हेलचेक्रयाइँमा वा लपारबाही वा हेलचेक्रयाइँको आरोप लागेकोमा मनशायपूर्वक कसूर गरेकोमा वा सजाय वा कसूरको मात्र फरक पार्ने त्यस्तै किसिमको कसूरको अन्य स्वरुप परिवर्तनलाई जनाउँछ ।

(५) पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीको आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई हिरासतमा राखिने छैन ।

(६) पक्राउ भएको व्यक्तिलाई पक्राउ परेको समयमा निजले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिने मौका प्रदान गर्नु पर्नेछ ।

(७) पक्राउ भएको व्यक्तिलाई निजको नजिकको नातेदारसँग भेट गर्ने मौका दिनुपर्छ ।

(८) यस दफा बमोजिम आरोपित महिलालाई पक्राउ गर्दा सम्भव भएसम्म महिला प्रहरीद्वारा पक्राउ गर्नुपर्नेछ ।

४. **अनुसन्धान अधिकारी तोक्ने** : कुनै कसूरको अनुसन्धान तहकिकात गर्न प्रचलित कानुन  बमोजिम अनुसन्धान अधिकारीको व्यवस्था भएको रहेछ भने सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा सो कसूरको अनुसन्धान तहकिकात गर्न कुनै एक व्यक्ति वा एकभन्दा वढी व्यक्ति रहने गरी नेपाल सरकार वा सम्बन्धित निकायको प्रमुखले कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा प्रहरी निरीक्षक वा सो सरहको कर्मचारीलाई अनुसन्धान अधिकारीको रुपमा तोक्न सक्नेछ ।

५. **अनुसन्धानको चरणमा धरौट तथा जमानत सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानुन बमोजिम एक वर्षसम्मको कैद सजाय हुन सक्ने कसूरमा पक्राउ परेको व्यक्तिसँग सो कसूरमा हुन सक्ने कैद, जरिवाना र निजले व्यर्होनु पर्ने क्षतिपूर्ति वापतको रकम धरौट वा जमानत लिई अनुसन्धान अधिकारीले सम्बन्धित सरकारी वकिलको परामर्शमा त्यस्तो आरोपित व्यक्तिलाई निजको नातेदार वा कानुन  व्यवसायी वा कुनै माथवर व्यक्ति वा निकायको जिम्मामा छोड्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूरका सम्बन्धमा मुद्दा दायर भएको वा त्यस्तो कुनै मुद्दामा कसूरदार ठहर भएको वा अन्य कुनै कसूरमा आरोप लागि अनुसन्धान तहकिकात भइरहेको व्यक्ति तथा महिला, वालबालिका, अपाङ्ग, वेहोस वा मानसिक

सन्तुलन ठिक नभएको र पैंसट्ठी वर्ष उमेर पूरा भएको व्यक्ति विरुद्ध कसूर गर्ने आरोपित व्यक्तिलाई उपदफा (१) बमोजिमको सुविधा प्राप्त हुने छैन ।

(३) उपदफा (१) बमोजिम आरोपित व्यक्तिलाई छोड्दा निजलाई अनुसन्धानको सिलसिलामा वा अदालतमा मुद्दा पेश गर्ने प्रयोजनको लागि खोजिएको वखत अनुसन्धान अधिकारी समक्ष हाजिर हुने कागज गराउनु पर्नेछ ।

(४) आरोपित व्यक्तिले अनुसन्धान तहकिकातमा वाधा पुऱ्याएमा वा पुऱ्याउने संभावना भएमा वा प्रमाण नष्ट गरेमा वा प्रमाण नष्ट गर्ने संभावना भएमा वा पीडित पक्षलाई धाकधम्की दिएमा वा अनुचित प्रभाव पार्ने कोशिस गरेमा सो को आधार र कारण खुलाई त्यस्तो व्यक्तिलाई हिरासतमा राखी वा उपदफा (१) बमोजिम छोडिएको भए पुनः हिरासतमा लिई अनुसन्धान तहकिकातको काम पूरा गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम हिरासतमा लिएको व्यक्तिले उपदफा (१) बमोजिम तिरे बुझाएको धरौट वा जमानत अदालतमा मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय नभएसम्म फिर्ता गरिने छैन ।

(६) अनुसन्धान तहकिकातबाट अदालतमा मुद्दा दायर गर्नुपर्ने पर्याप्त आधार र प्रमाण नदेखिएका कारण मुद्दा नचलाउने गरी अन्तिम निर्णय भएमा त्यस्तो निर्णय गर्दाका बखत नै उपदफा (१) बमोजिम लिएको धरौट वा जमानत फिर्ता वा फुकुवा गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम मुद्दा नचल्ने गरी निर्णय भएको फाइल वा सरकारी वकिल कार्यालयबाट तत्सम्बन्धी सूचना प्राप्त भएपछि सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो धरौट वा जमानत तुरुन्त फिर्ता वा फुकुवा गर्नुपर्छ ।

६. **हिरासतमा राख्न नहुने** : (१) प्रचलित कानून बमोजिम कैदको सजाय नहुने कसूर सम्बन्धी मुद्दाका आरोपित व्यक्तिलाई अनुसन्धानको क्रममा हिरासतमा राखिने छैन ।

(२) उपदफा (१) बमोजिमको आरोपित व्यक्तिलाई अनुसन्धान अधिकारीले सम्बन्धित सरकारी वकिलको परामर्श लिई अनुसन्धान तहकिकात गर्दा खोजेको बखत उपस्थित हुने गरी निजको नातेदार वा कानून व्यवसायी वा कुनै माथवर व्यक्ति वा निकायको जिम्मामा छोड्न सक्नेछ ।

७. **अदालतमा पेश गर्नुपर्ने** : (१) आरोपित व्यक्तिलाई मुद्दा चलाउने निर्णय भएमा कानूनले तोकेको हदम्यादभित्रै अदालतमा अभियोगपत्र दायर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा उपस्थित आरोपित व्यक्ति समेत अदालतमा पेश गर्नुपर्नेछ ।



नेपाल कानून आयोग

## परिच्छेद -३

## न्यायिक हिरासत सम्बन्धी व्यवस्था

८. **न्यायिक हिरासतमा राख्ने** : (१) देहायका अवस्थामा कुनै व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार हो भनी विश्वास गर्न सकिने कुनै मनासिव आधार देखिएमा अन्यथा प्रमाणित नभएसम्म अदालतले त्यस्तो अभियुक्तलाई दफा ३२ बमोजिमको पर्चा खडागरी न्यायिक हिरासतमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्छ :-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने कसूरको अभियोग लागेको,

(ख) छ महिना वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने कसूरमा नेपालमा स्थायी बसोबास नभएको कुनै अभियुक्तलाई न्यायिक हिरासतमा नराख्दा निज भागिजाने संभावना रहेको ।

(२) उपदफा (१) बमोजिम अदालतले कुनै अभियुक्तलाई न्यायिक हिरासतमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिंदा मुख्यतया देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) जाहेरी दर्खास्तमा तथ्यगत रुपमा आरोप लगाए वा नलगाएको,

(ख) मौकामा बुझिएका व्यक्तिको भनाई,

(ग) मुद्दाको प्रकृति अनुसार घटनास्थल वा वस्तुस्थितिको मुचुल्कामा उल्लिखित व्यहोरा,

(घ) वैज्ञानिक परीक्षण प्रतिवेदन,

(ङ) अन्य सम्बद्ध कुराहरु ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अभियुक्तलाई अदालतले धरौट वा जमानत लिई पुर्पक्ष गर्न सक्नेछ :-

(क) सोह्र वर्ष उमेर नपुगेको नाबालिग,

(ख) पचहत्तर वर्ष उमेर पुगेको व्यक्ति,

(ग) शारीरिक वा मानसिक रोग लागि अशक्त भएको भनी सरकारी अस्पतालको चिकित्सकबाट प्रमाणित भएको व्यक्ति,

तर, अशक्त भएको व्यक्ति पछि स्वस्थ भएको प्रमाणित भएमा न्यायिक हिरासतमा राखी मुद्दा पुर्पक्ष गर्न बाधा पुगेको मानिने छैन ।

(घ) सात महिना वा सो भन्दा बढी अवधिको गर्भावस्थामा रहेको महिला ।

त्यस्तो महिलाले बच्चा जन्मेको एक सय तीस दिनसम्ममा अदालतमा हाजिर हुन आउने गरी कागज गर्नुपर्नेछ र त्यसरी हाजिर हुन

आएपछि अदालतले प्रचलित कानुन बमोजिम न्यायिक हिरासतमा राख्नु पर्ने भएमा न्यायिक हिरासतमा राख्ने गरी आदेश दिन सक्नेछ ।

(ङ) खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको समयभित्र हाजिर हुन नआउने अभियुक्तलाई अदालतले पक्राउ गरी न्यायिक हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही उपदफाको खण्ड (क) बमोजिम जन्मकैदको सजाय हुन सक्ने कसूरको अभियुक्त र सोही उपदफाको खण्ड (ख) बमोजिमको अभियुक्त वाहेक अन्य अभियुक्तसँग अदालतले देहायको कुराहरु विचार गरी धरौट वा जमानत लिई मुद्दा पुर्पक्ष गर्न सक्नेछ :-

(क) कसूर गर्दाको परिस्थिति,

(ख) अभियुक्तको उमेर,

(ग) अभियुक्तको शारीरिक वा मानसिक अवस्था,

(घ) अभियुक्तको पहिलेको आचरण,

(ङ) अभियुक्तले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(च) कसूरको प्रकृति र मात्रा,

(छ) पीडित पक्षले भोग्नु परेको पिडा वा क्षति,

(ज) कसूरको गम्भीरताका कारण परिवार र समाजमा पर्ने दुष्प्रभाव ।

(झ) एकै वारदातमा एकभन्दा बढी कसूर गरे वा नगरेको व्यहोरा,

(ञ) शरीर विरुद्धको अपराध गर्दा घातक हतियार प्रयोग भए वा नभएको र कसूर गर्दा निर्ममतापूर्वक गरे वा नगरेको व्यहोरा ।

९. **धरौट वा जमानतमा छोड्ने :** (१) तीन वर्ष भन्दा कम सजाय हुने कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तसँग धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम धरौटको रुपमा बैंक ग्यारेन्टी लिदां त्यस्तो बैंक ग्यारेन्टी बिना शर्तको र अदालतले तोके बमोजिम समय समयमा अद्यावधिक हुन सक्ने किसिमको हुनु पर्नेछ ।

(३) धरौट वा जमानत लिएको आरोपित व्यक्ति विरुद्ध अदालतमा अभियोगपत्र दायर हुंदा निजलाई धरौट वा जमानतमा छोड्न सकिने देखिएमा निजले पहिले राखेको धरौट वा जमानत अङ्कलाई थप घट गरी अदालतले धरौट वा जमानत अङ्क कायम गर्न सक्नेछ ।



नेपाल कानून आयोग

(४) यस दफा बमोजिम कुनै अभियुक्तलाई धरौट वा जमानतमा छोड्ने आदेश भएकोमा त्यस्तो अभियुक्तलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम अदालतबाट माग भएको धरौट वा जमानत नदिने अभियुक्तलाई  त्यस्तो धरौट वा जमानत नदिएसम्म अदालतले पुर्पक्षको लागि न्यायिक हिरासतमा राख्ने आदेश दिनुपर्नेछ ।

१०. **धरौट वा जमानत नलिई तारेखमा राखी पुर्पक्ष गर्ने** : दफा ८ र ९ वाहेकका अन्य अवस्थामा अभियुक्तलाई धरौट वा जमानत नलिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेछ ।

११. **अदालतले शर्तहरु तोक्न सक्ने**: दफा ९ र १० बमोजिम तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिंदा अदालतले अभियुक्तलाई देहायका एक वा एकभन्दा बढी शर्तहरु पालन गर्नुपर्ने गरी आदेश दिन सक्नेछ :-

(क) तारेखमा आउनु पर्ने दिन र समयको किटान,

(ख) राहदानी वा नागरिकताको प्रमाणपत्र अदालतमा बुझाउने,

(ग) स्थानहद गर्न सक्ने,

(घ) अदालतको अनुमति नलिई नेपाल बाहिर जान नपाउने,

(ङ) पीडित पक्षलाई कुनै हानी नोक्सानी पुऱ्याउन नहुने,

(च) मुद्दासँग सम्बन्धित प्रमाण लोप वा नष्ट नगर्ने वा स्वरुप नविगार्ने,

(छ) जाहेरवाला र वादी पक्षका साक्षीलाई नधम्काउने वा प्रलोभनमा नपार्ने,

(ज) न्यायिक स्वच्छता कायम राख्न अदालतले उपयुक्त सम्झेका अन्य शर्तहरु ।

१२. **पटके कसूरको अभियुक्तलाई न्यायिक हिरासतमा राख्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा एक वा एक भन्दा बढी पटक कसूरदार ठहरी एक वर्ष वा सो भन्दा वढीको कैदको सजाय भएको अभियुक्तलाई कामको प्रकृति र तत्काल प्रमाणका आधारमा मुद्दा हेर्ने अधिकारीले उपयुक्त सम्झेमा पुर्पक्षका लागि न्यायिक हिरासतमा राख्न सक्नेछ ।

१३. **हुन सक्ने कैदभन्दा बढी अवधि न्यायिक हिरासतमा राख्न नहुने** : (१) कुनै पनि अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म न्यायिक हिरासतमा राखिने छैन ।

(२) न्यायिक हिरासतमा रहेको अभियुक्तले कैदको अधिकतम सजायको अवधि पूरा गरेमा त्यस्तो अभियुक्तलाई न्यायिक हिरासतबाट मुक्त गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

१४. **धरौट वा जमानतको अंक तोक्ने आधार** : यस ऐन बमोजिम धरौट वा जमानत स्वीकार गर्दा देहायको आधारमा मनासिव किसिमले धरौट वा जमानतको अंक तोक्नु पर्नेछ :-

(क) कसूरको प्रकृति,

(ख) कसूर गर्दाको अवस्था,

(ग) अभियुक्तको उमेर र शारीरिक स्थिति,

(घ) पहिले कसूरदार ठहरी सजाय पाए वा नपाएको,

(ङ) संगठित रुपमा कसूर गरे नगरेको,

(च) कसूरबाट पीडित व्यक्तिलाई पुग्न गएको पीडा र हानि नोक्सानी,

(छ) हुन सक्ने सजाय,

(ज) अभियुक्तको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

(झ) अभियुक्तको व्यावसायिक पृष्ठभूमि,

(ञ) एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

(ट) कसूरबाट श्रृजित परिणाम,

(ठ) असह्य वा असक्त वा गर्भवती वा एक वर्षसम्मको नावालिगको आमा,

(ड) विगोको मात्रा ।

१५. **न्यायिक हिरासतमा राख्न सकिने** : पुर्पक्षका लागि तारेखमा रहेको अभियुक्त पछि प्राप्त प्रमाणबाट कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार देखिएमा मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएपनि अदालतले दफा ८ को उपदफा (१) बमोजिम त्यस्तो अभियुक्तलाई न्यायिक हिरासतमा राख्न वा दफा ९ बमोजिम निजसँग धरौट वा जमानत माग गर्न सक्नेछ ।

१६. **विशेष अवस्थामा हिरासतमा राख्न सकिने:** धरौट वा जमानत वा तारेखमा रहेको अभियुक्तले मुद्दाको कारवाही चल्दै जाँदा प्रमाण लोप गर्न खोजेमा, साक्षीलाई प्रभाव पार्न खोजेमा वा न्यायिक कार्यमा अवरोध पुऱ्याउन लागेको छ भन्ने मनासिव आधार र प्रमाणबाट देखिन आएमा त्यस्तो अभियुक्तलाई मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए पनि अदालतले न्यायिक हिरासतमा राख्ने आदेश दिई मुद्दाको कारवाही र किनारा गर्न सक्नेछ ।

१७. **थप धरौट वा जमानत माग गर्न सक्ने** : कुनै अभियुक्तसँग यस ऐन बमोजिम धरौट वा जमानत लिई मुद्दा पुर्पक्ष गरिएकोमा पछि प्रमाण बुझ्दै जाँदा त्यस्तो धरौट वा जमानत अपर्याप्त देखिन आएमा मुद्दा जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो अभियुक्तसँग अदालतले अवस्था अनुसार थप धरौट वा जमानत माग गर्न सक्नेछ । यसरी माग गरिएको थप धरौट वा जमानत नदिएमा निजलाई न्यायिक हिरासतमा राख्न सकिनेछ ।

१८. **हिरासतबाट छाड्न आदेश दिन सक्ने** : न्यायिक हिरासतमा रहेको कुनै अभियुक्त कसूरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिव आधार तथा प्रमाण अदालत समक्ष प्राप्त हुन आएमा

मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएपनि सो विषयमा सुनुवाई गरी अदालतले निजलाई अवस्था अनुसार धरौट वा जमानत नलिई तारेखमा छाड्ने आदेश दिन सक्नेछ ।

१९. **म्यादभित्र मुद्दा किनारा हुन नसकेको अवस्थामा पुर्पक्षको विशेष व्यवस्था** : यस ऐन बमोजिम प्रारम्भिक सुनुवाईको क्रममा पुर्पक्षको निमित्त न्यायिक हिरासतमा राखिएको कुनै अभियुक्तको सम्बन्धमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारेखको मितिले एक वर्षभित्र मुद्दाको किनारा नभएको अवस्थामा त्यस्तो अभियुक्तलाई न्यायिक हिरासतमा राखिएको भए धरौट वा जमानत लिई अदालतले मुद्दाको कारवाही र किनारा गर्न सक्नेछ ।

तर,

(क) दश वर्षभन्दा बढी कैदको सजाय हुने कुनै अभियोग लागेको अभियुक्तलाई न्यायिक हिरासतमा नै राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ ।

(ख) कसूरको गम्भीरता, संकलित प्रमाण र अभियुक्तको पृष्ठभूमि हेरी कुनै अभियुक्तलाई यस दफा बमोजिम अदालतले न्यायिक हिरासतबाट नछोड्ने गरी आदेश दिन सक्नेछ ।

(ग) एकभन्दा बढी पटक कसूरदार ठहरी सकेको अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले न्यायिक हिरासतमा नै राखी मुद्दाको कारवाई गर्न सक्नेछ ।

(घ) संगठित रुपमा कसूर गर्ने व्यक्तिलाई न्यायिक हिरासतमा नै राखी मुद्दाको कारबाही गर्नुपर्छ ।

२०. **धरौट वा जमानत लिंदा कागज गराउनु पर्ने** : यस ऐन बमोजिम धरौट वा जमानत लिंदा देहाय बमोजिमका कुराहरु खुलाई कागज गराउनु पर्नेछ :-

(क) उपस्थित हुनु पर्ने मिति, समय र स्थान,

(ख) खण्ड (क) बमोजिम उपस्थित नभएमा धरौट वा जमानत दिएको सम्पति जफत हुने व्यहोरा,

(ग) जमानत दिने व्यक्तिले आफ्नै सम्पति जमानत दिएको भए अदालतबाट तोकिएको समय र स्थानमा अनुपस्थित भएमा जमानतको रकम सो जमानत रहेको सम्पति वा निजको अरु कुनै सम्पतिबाट असुल उपर गरिने व्यहोरा,

(घ) कुनै अभियुक्तको लागि अरु कसैले आफ्नो सम्पति जमानत दिएको भए अदालतबाट तोकेको समय र स्थानमा त्यस्तो जमानत दिने व्यक्तिले अभियुक्तलाई उपस्थित नगराएमा सो जमानत रहेको सम्पति वा त्यस्तो व्यक्तिको अरु कुनै सम्पतिबाट असुल गरिने व्यहोरा ।

(ङ) अभियुक्तले व्यहोर्नु पर्ने क्षतिपूर्ति ।

(च) कसूरको प्रकृति र मात्रा ।

२१. **संरक्षकबाट कागज गराउनु पर्ने** : धरौट वा जमानत दिनु पर्ने व्यक्ति नाबालिग भएमा दफा २० बमोजिम कागज गराउदा त्यस्तो नाबालिगको सट्टा निजको संरक्षकबाट कागज गराउनु पर्नेछ र निजको संरक्षक नभएमा निजका नजिकका नातेदार र सो पनि नभए अन्य माथभर बालिग व्यक्तिबाट कागज गराउन सकिनेछ ।

२२. **धरौट वा जमानत परिवर्तन गर्न सकिने** : दफा ९ बमोजिम कुनै अभियुक्तको तर्फबाट अन्य व्यक्तिले जेथा जमानत राखिदिएको भएमा त्यस्तो जेथा जमानत वापत अभियुक्त आफैले वा निजको तर्फबाट अन्य व्यक्तिले सो जमानत बराबरको नगदै धरौट दाखिला गरेमा वा सोही वरावरको आफ्नो वा अरुको जेथा जमानत राखिपाउँ भनी निवेदन दिएमा अदालतले आवश्यकता अनुसार धरौट वा जमानत परिवर्तन गर्ने आदेश दिन सक्नेछ ।

२३. **धरौट वा जमानतको रकम जफत वा असुल गर्ने** : (१) यस ऐन बमोजिम पुर्पक्षको सिलसिलामा लिएको धरौट वा जमानतको रकम त्यस्तो धरौट वा जमानत दिने व्यक्ति अदालतले तोकेको मिति, समय र स्थानमा उपस्थित नभएमा वा उपस्थित हुन नसक्नुको मनासिव कारण पेश गर्न नसकेमा अदालतले निजबाट लिएको धरौट जफत गर्न वा दफा २० बमोजिम गराइएको कागज अनुसार जमानतको रकम असुल उपर गर्न आदेश दिन सक्नेछ ।

(२) यस ऐनको दफा ५ बमोजिम अनुसन्धानको सिलसिलामा धरौट वा जमानत दिने व्यक्ति तोकिएको तारिखमा उपस्थित नभएमा त्यस्तो धरौट वा जमानत अदालतले जफत गर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जफत गरिएको धरौट रकम अदालतले तोकेको खातामा दाखिला गर्नुपर्नेछ ।

(४) अचल सम्पति जमानत राखेको भए त्यस्तो सम्पत्ति नेपाल सरकारको नाममा दर्ता गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको खातामा रहेको रकमबाट अदालतले पीडितलाई अवस्था अनुसार धरौट वा जमानत रकमको पचास प्रतिशतमा नबढ्ने गरी आवश्यक रकम उपलब्ध गराउन सक्नेछ र बाँकी रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि तारेखमा रहेको अभियुक्तको हकमा निजको तारेख थम्ने म्याद भन्दा अघि धरौट वा जमानत जम्मा गर्ने आदेश दिइने छैन ।

२४. **धरौट फिर्ता र जमानत फुकुवा हुन सक्ने** : (१) धरौट वा जमानत लिई पुर्पक्ष गरिएको अभियुक्तलाई न्यायिक हिरासतमा राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने देखिएमा त्यस्तो अभियुक्तलाई न्यायिक हिरासतमा राखी निजले राखेको धरौट वा जमानत फुकुवा गर्नु पर्नेछ ।

(२) धरौट वा जमानत लिई दायर भएको मुद्दामा अभियुक्तले सफाइ पाएमा यस ऐनको अधीनमा रही निजलाई त्यस्तो धरौट वा जमानत फिर्ता वा फुकुवा गरिदिनुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको निर्णय उपर पुनरावेदन नपरेकोमा पुनरावेदन गर्ने म्याद भुक्तान नभएसम्म र पुनरावेदन परेकोमा पुनरावेदनको किनारा नभएसम्म त्यस्तो धरौट वा जमानत फिर्ता वा फुकुवा गरिने छैन ।

२५. <u>उपचारको लागि पठाउन सक्ने</u> : यस ऐन बमोजिम न्यायिक हिरासतमा राखिएको अभियुक्त शारीरिक वा मानसिक रुपमा अस्वस्थ छ भन्ने प्रतिवेदन प्राप्त भएमा अदालतले निजलाई उपचारको लागि अस्पतालमा पठाउन सक्नेछ ।

२६. <u>म्याद थप गर्दा कानुन व्यवसायी संलग्न गराउन सक्ने</u> : अनुसन्धानको सिलसिलामा म्याद थपको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्दा त्यस्तो आरोपित व्यक्तिले कानुन व्यवसायी राख्ने निवेदन दिन सक्नेछ ।

२७. <u>पुनरावेदन गर्ने प्रयोजनको लागि धरौट वा जमानतमा छोड्न सकिने</u>: कुनै अदालतले मुद्दाको फैसला हुँदा अभियुक्तलाई बढीमा तीन वर्षसम्मको कैदको सजाय हुने निर्णय गरेको र न्यायिक हिरासतमा बस्नु नपर्ने वा नबसेको मुद्दा भएमा पुनरावेदन गर्ने म्यादसम्मलाई त्यस्तो अभियुक्तलाई अदालतले धरौट वा जमानतमा छोड्न सक्नेछ ।

## परिच्छेद - ४

## <u>पुनरावेदन तहमा धरौट वा जमानत सम्बन्धी व्यवस्था</u>

२८. <u>पुनरावेदन तहमा धरौट वा जमानत सम्बन्धी व्यवस्था</u>: बढीमा दश वर्षसम्म कैदको सजाय भएको र न्यायिक हिरासतमा बस्न नपर्ने वा नबसेको मुद्दा भएमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदन गर्ने म्यादसम्म वा पुनरावेदन दर्ता भएकोमा पुनरावेदन किनारा नभएसम्म अभियुक्तलाई धरौट वा जमानतमा छाड्न सक्नेछ ।

२९. <u>न्यायिक हिरासतमा राखी पुनरावेदन सुन्न सक्ने</u> : दफा २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन परेपछि पुनरावेदन सुन्ने अदालतले देहायको अवस्थामा पुनरावेदकलाई न्यायिक हिरासतमा राखी पुनरावेदन सुन्न सक्नेछ :-

(क) धरौट वा जमानतमा छोड्दा सजाय पाएको व्यक्ति भागी जाने संभावना भएमा,

(ख) सबूद प्रमाण लोप गर्न सक्ने संभावना भएमा,

(ग) अरु अपराध गर्न सक्ने संभावना भएमा,

(घ) न्यायिक प्रक्रियामा अवरोध सिर्जना गर्ने सम्भावना भएमा,

(ङ) फैसला कार्यान्वयन हुन नसक्ने सम्भावना भएमा ।

३०. **<u>पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिने</u>** : (१) आफूलाई न्यायिक हिरासतमा राखिएको वा धरौट वा जमानत लिइएकोमा चित्त नबुझ्ने अभियुक्तले त्यस्तो आदेश प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर पुनरावेदन सुन्ने अदालतले सुनुवाई गरी यस ऐनको अधिनमा रही सो हिरासतमा रहेको व्यक्तिलाई तारिखमा राख्न वा धरौट वा जमानतको रकममा थपघट गर्न वा परिवर्तन गर्न आधार र कारण खोली आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको निवेदन उपर सुनुवाई हुँदा अदालतलाई न्यायिक हिरासतमा राख्नु नपर्ने भन्ने लागेमा यस ऐनको अधीनमा रही धरौट वा जमानत लिई वा तारेखमा राख्ने गरी अभियुक्तलाई न्यायिक हिरासतबाट छोड्न आदेश दिन सक्नेछ ।

(४) मुद्दा हेर्ने अधिकारीले पुर्पक्षको सिलसिलामा गरेको आदेश चित्त नबुझेमा र सरकारी पक्षले त्यस्तो आदेश उपर पुनरावेदन अदालतमा निवदेन नदिएमा सरकारी पक्षले निवदेन दिने म्याद समाप्त भएको मितिले सातदिन भित्र पीडित पक्षले त्यस्तो आदेशउपर पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ ।

(५) यस दफा बमोजिम निवेदन पर्न आएमा निवेदन परेको मितिले तीस दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच वर्ष वा सोभन्दा बढी अवधिको कैद हुन सक्ने मुद्दामा पुनरावेदन अदालतले गरेको आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो आदेशउपर आदेश भएको पन्ध्र दिनभित्र सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ ।

## परिच्छेद - ५

## <u>विविध</u>

३१. **<u>मानवोचित व्यवहार गर्नुपर्ने</u>** : (१) यस ऐन बमोजिम हिरासत वा न्यायिक हिरासतमा राखिएको अभियुक्तलाई मानवोचित व्यवहार गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम मानवोचित व्यवहार नगरेको भन्ने अभियुक्तको निवेदन पर्न आएमा अदालतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतबाट दिइएको निर्देशन पालना नभएको पाइएमा अदालतले त्यस्तो निकायका प्रमुखलाई विभागीय सजायको सिफारिस गर्न वा त्यसबाट पीडितउपर पर्न गएको सामाजिक, आर्थिक, मानसिक यातनाको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्न वा दुवै गर्ने गरी आदेश दिन सक्नेछ ।

३२. **पर्चा खडा गर्नु पर्ने** : यस ऐन बमोजिम हिरासत, धरौट, जमानत वा तारेखमा राख्ने नराख्ने विषयमा आदेश गर्दा आधार र कारण खोली पर्चा खडा गर्नु पर्छ ।

३३. **थुनुवा पूर्जी दिनु पर्ने** : यस ऐन बमोजिम कुनै व्यक्तिलाई हिरासतमा राख्दा हिरासतमा राख्नुपर्ने कारण उल्लेख गरी थुनुवा पूर्जी दिनु पर्नेछ ।

३४. **रोक्का राख्नु पर्ने** : (१) यस ऐन बमोजिम जमानत वापत राखेको सम्पत्ति रोक्का राख्न सक्ने प्रकृतिको भएमा रोक्का राख्न आदेश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश अनुसार अदालतबाट रोक्का राख्न लेखी आएकोमा सम्बन्धित कार्यालयको प्रमुखले यथासक्य छिटो रोक्का राख्न लगाई रोक्का राखेको जनाउ सम्बन्धित अदालतलाई तुरुन्त दिनु पर्छ ।

३५. **जमानत लिएको व्यक्तिलाई उपस्थित गराउन नसकेमा**: (१) यस ऐन बमोजिम अरोपित व्यक्तिलाई उपस्थित गराउने गरी जिम्मा लिएको व्यक्तिले अड्डाले खोजेको बखत उपस्थित नगराएमा हुन सक्ने कैद, जरिवाना र क्षतिपूर्ति वापतको रकम हिसाव गरी जमानत लिने व्यक्तिसँग असुल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम असुल गर्न अदालतको हकमा सम्बन्धित तहसिल फाँटमा र मुद्दा हेर्न अन्य अधिकारीको हकमा सम्बन्धित कार्यालयमै लगत कसी असुल गर्नु पर्छ ।

३६. **बचाउ** : प्रचलित कानूनमा धरौट, जमानत वा हिरासतका सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

३७. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३८. **खारेजी** : मुलुकी ऐन अदालती बन्दोवस्तको ११८ नं., ११९ नं., १२० नं., १२१ नं., १२३ नं., १२४ क नं., १२४ ख नं., १२४ ग नं., १२५ नं., १२६ नं., १९४ नं., १९९ नं., २०० नं. र २०६ नं. खारेज गरिएको छ ।